**श्री सुन धारा धारा पानी सामुदायिक वन उपभोक्ता समूह**

**रासीसोनारी गा.पा-०१, बाँके**

**बोलपत्र द्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशित मिति: २०८३/०४/१४**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३५५६ मिति:२०८२/१२/२३ गतेको काट दाउरा संकलन सहमति बाट यस समूहले छपान भएका रुखहरुलाई कटान मुछान भई उत्पादित काट दाउरा समूहमा आन्तरिक खपत भई बाकी रहेका गोलिया काट तथा दाउरालाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ५२५५ मिति:२०८३/०३/२४ गतेको बाह्य लिलाम सहमति बमोजिम घाटगद्दीमा रहेका तपसील बमोजिम का वन पैदावारलाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकासित गरिएको छ । इच्छुक वन पैदावरको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो पहिलो पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरीद गरी २२ दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**तपसील**

| लट न | जात | ग्रेड | थान | परिमाण घ.फि. | दर | न्यूनतम मुल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | साल | A | २० | ४३३.५३०१ | १२५० | ५४१९१२.५९५१ | ४८९४८४.८ | |
| | | B | ६२ | ८४४.४१७ | ९०० | ७५९९७५.३३८७ | | |
| | | C | १२६ | ६६४.०२४६ | ६०० | ३९८४१४.७४६ | | |
| | | D | ३ | ६.७६३०२१ | ३०० | २०२८.९०६२५ | | |
| | जम्मा | | २११. | १९४८.७३५ | | १७०२३३१.५८६ | | |
| | असना | A | ९ | १५८.९४३६ | ४०० | ६३५७७.४३०५६ | | |
| | | B | २५ | २५०.१३ | ३०० | ७५०३९ | | |
| | | C | २७ | १३४.२४ | १०० | १३४२४ | | |
| | जम्मा | | ५७ | ५४३.३१ | | १५२०४०.४३०६ | | |
| | कर्मा | A | २ | २८.९२९६९ | ४०० | ११५७१.८७५ | | |
| | | B | १५ | २१८.८४८६ | ३०० | ६५६५४.५९०८३ | | |
| | | C | २० | १५७.३२८६ | १०० | १५७३२.८६०१८ | | |
| | जम्मा | | ३७ | ४०५.१०६९ | | ९२९५९.३२६०१ | | |
| | जामुन | C | ७ | ३१.१६ | १०० | ३११५.९८७९५७ | | |
| | धौटी | - | १९ | १३३.३४५ | १०० | १३३३४.४९७५५ | | |
| | कुसुम | - | ११ | ९७.५०९४ | १०० | ९७५०.९४००१७ | | |
| | दबदबे | | ३ | १९.३३२४७ | १०० | १९३३.२४६५२८ | | |
| | खयर | | ३८६ | ३१७.८३ | १००० | ३१७८३० | | |
| | जम्मा | | ७३५ | ३४९६.३३१९३९ | | २२९३२९७.०१५ | | |
| | साल जातको दाउरा ७.५ चट्टा | | | | १२००० | ९०००० | १३८००० | |
| | अन्य जातको दाउरा ४ चट्टा | | | | ४००० | १६००० | | |
| | कुल जम्मा | | | | | २३९९२९६.०१ | ६२७४८४.८ | |

- बोलपत्र खरीद गर्नुपर्ने अन्तिम मिति र समय: २०८३/०५/०३ कार्यालय समय सम्म ।
- बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०५/०४ दिउसो १2:00 बजे सम्म ।
- बोलपत्र तथा कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको **शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि, अगैया शाखामा** रहेको हिसाब नं ०१०००१००५३२७७९००००0१ मा बोलपत्रदाता (सम्बन्धित फर्म/मिल) के आधिकारिक बैंक खाताबाट जम्मा गरेको सक्कल बैंक भौचर पेस गर्नुपर्नेछ। बैंक ग्यारेन्टी वा यस्तै प्रकारका अन्य जमानतहरुलाई मान्यता दिईनि छैन।

हेर

- बोलपत्र फारमको रु ३०००/-(पछि फिर्ता नहुने गरि) निरी यस समूहबाट वा समूहको बैंक खातामा बोलपत्र खरिद वापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी डिभिजन वन कार्यालय बाँकेबाट खरीद तथा दाखिला गर्न सकिनेछ । लिलाम हुने वन पैदावर कार्यलय खुलेको समयमा यस सा.व.उ.स को घाटगद्दीमा गई हेर्न सकिनेछ । ( नोटः नियमानुसार नवीकरण भएको वन पैदावारमा आधारित उद्योग/मिल दर्ता प्रमाणपत्र, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र को सक्कल प्रति बोलपत्र खरिद गर्दाका बखत देखाउनुपर्नेछ। केवल फोटोकपीको भरमा बोलपत्र फारम जारी गरिने छैन।।
- बोलपत्र खरिद वा दर्ता गर्न फर्मको प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकी प्रतिनिधि पठाउनुपर्ने भएमा केवल फर्मको लेटरप्याडमा लेखिएको पत्र मात्र मान्य हुने छैन। प्रतिनिधिले स्थानीय तह (वडा/गाउँपालिका/नगरपालिका) वा नोटरी पब्लिक बाट प्रमाणित गराएको समूहले तोकेको ढाँचाको "सक्कल अख्तियारनामा" पेस गर्नुपर्नेछ। अख्तियारनामा पत्रसाथ प्रोप्राइटरको नागरिकता र फर्म दर्ता प्रमाणपत्रको सक्कल प्रति रुजुका लागि ल्याउनुपर्नेछ। प्रतिनिधिले स्थानीय तह (वडा/गाउँपालिका/नगरपालिका) वा नोटरी पब्लिक बाट प्रमाणित गराएको समूहले तोकेको ढाँचाको "सक्कल अख्तियारनामा" पेस गर्नुपर्नेछ। अख्तियारनामा पत्रसाथ प्रोप्राइटरको नागरिकता र फर्म दर्ता प्रमाणपत्रको सक्कल प्रति रुजुका लागि ल्याउनुपर्नेछ। प्रतिनिधिको स्वघोषणा र जैविक पहिचानः बोलपत्र दर्ता गर्ने समयमा प्रतिनिधिले समूहको कार्यालयमा उपस्थित भई "मैले पेस गरेका कागजात तथा हस्ताक्षर झुटा वा कीर्ते ठहरेमा कानुनी सजाय भोग्न तयार छु" भनी समूहले तोकेको ढाँचामा हस्ताक्षर र दुवै हातको बूढीऔंलाको ल्याप्चे छाप लगाई स्वघोषणा फाराम भर्नुपर्नेछ। डिजिटल प्रमाणीकरण : शंका लागेको खण्डमा बोलपत्र दर्ता वा खोल्ने समयमा समूहका पदाधिकारी वा कर्मचारीले सम्बन्धित फर्मको प्रोप्राइटरसँग प्रत्यक्ष भिडियो कल मार्फत प्रतिनिधि र हस्ताक्षरको प्रमाणीकरण गर्नेछन्। प्रोप्राइटरले पुष्टि नगरेमा वा सम्पर्कमा नआएमा उक्त बोलपत्र दर्ता गरिने छैन।
- लिलाममा भाग लिन डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठदाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित नेपाली नागरिताको प्रमाण-पत्र, कर दर्ता/ चुक्ताको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपि वा स्थायी लेखा नं(पि.पि.एन) दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपि साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
- निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०५/......................गते दिउसो २:०० बजे समूहले समूह, कार्यालयमा बोलपत्र दाखिला गर्ने फार्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिन्छ ।
- बोलपत्र खरीद, दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।
- लिलाम बिक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भीत्र सकार रकम, मूल्य अविबृद्दि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावर तोकिएको अवधी भत्र उटाई लैजानु पर्ने छ ।
- बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेखु पर्नेछ । अङ्क अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ ।
- अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।